# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

मोः ९८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail{ info@mandavimun.gov.np
mandavimun2073@gmail.com


## चिस्यान केन्द्र संचालनका लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८/०५/२८**

माण्डवी गाउँपालिकाले आर्थिक वर्ष २०७६/०७७ र २०७७/०७८ मा वार्षिक बजेट तथा कार्यक्रमको सुनिश्चितता गरी गाउँपलिकाकै गौरवको आयोजनाको रुपमा प्यूठान जिल्लाकै पहिलो चिस्यान केन्द्र निर्माण गरी संचालनमा रहेको यहाँहरु सबैलाई अवगत नै छ । माण्डवी गाउँपालिका वडा नं. ३ देवीस्थानमा निर्माण सम्पन्न पश्चात कार्यन्वयनमा रहेको चिस्यान केन्द्रमा माण्डवी गाउँपालिका र अन्य पालिकाहरुबाट समेत करिब ४२,००० के.जी. आलु भण्डारण भएको छ । गाउँपालिका आफैले हालसम्म संचालन गरिरहेको चिस्यान केन्द्रलाई गाउँपालिकाकै प्रत्यक्ष रेखदेख र अनुगमनमा रहने गरी कृषि सहकारी संस्था/सहकारी संस्था/कृषि समूह/टोल विकास संस्था/अन्य दर्ता भएका संस्था समेतले संचालनको जिम्मा लिने गरी हस्तान्तरण गर्नु पर्ने भएकोले गाउँ कार्यपालिका बैठकको मिति २०७८/०४/१८ को निर्णय अनुसार तपशिल बमोजिमको कागजात संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र यस गाउँपालिकामा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**आवश्यक कागजातहरुः**

१. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,
२. संस्थाको नवीकरण गरिएको प्रतिलिपि,
३. संस्थाको कर चुक्ता प्रमाणपत्र प्रतिलिपि,
४. संस्थाको लेखा परिक्षण प्रतिवेदन,
५.चिस्यान केन्द्र संचालन सम्बन्धि कार्ययोजना,
६. संस्थाको निर्णयको प्रतिलिपि तथा निर्णय सहित गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

**शर्तहरुः**

१. संस्थालाई चिस्यान केन्द्र संचालनको जिम्मा दिईनेछ ।
२. संस्थाले चिस्यान केन्द्रको मर्मत सम्भार र संरक्षण गर्नुपर्नेछ ।
३. विद्युत लगायतका महशुल संस्थाले तिर्नुपर्नेछ ।
४. चिस्यान केन्द्रको सेवा शुल्क गाउँपालिकाले तोके बमोजिम हुनेछ ।
५. गाउँपालिकाले चिस्यान केन्द्र संचालन राम्रो संग नभएको भेटिएमा तुरुन्तै सम्झौता रद्द गर्नेछ ।
६. गाउँपालिकाले अनुगमनको क्रममा दिएका निर्देशन संस्थाले अनिवार्य पालना गर्नुपर्नेछ ।
७. अन्य कुराहरु आपसी समझदारीमा गरिनेछ ।

२०७८।५।२८
शिशिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत